स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



सामाजिक विषय र प्रेमकथामा आधारित रहेर तयार गरिएको नेपाली चलचित्र "काजी" गत जेठ ८ देखि प्रदर्शनरत छ। विसं २०४५ को समयको सामाजिक संरचनाभित्र रहेर प्रेम, समर्पण र सम्बन्धको कथा प्रस्तुत गरिएको उक्त चलचित्रमा अभिनेता विपिन कार्कीले "काजी" र अभिनेत्री केकी अधिकारीले उनकी श्रीमती "कजिनी" को भूमिका निर्वाह गरेकी छन् । बाल्यकालमै टुहुरो भएका काजीले मागी विवाहमा पाउने श्रीमतीलाई नै आफ्नो संसार बनाउँछन्।

**आजको विचार...**



मनिषा आले मगर

बजेट...

(दुई पेजमा)



फिल्म निर्देशक निश्चल बस्नेतले कृत्रिम बौद्धिकता (एआई) प्रविधिबाट फिल्म र संगीत बनाउने कार्यमा अभिरुचि राखेको देखिन्छ। उनका पछिल्ला केही सोसल मिडिया पोस्ट हेर्दा दर्शकले त्यो थाहा पाउन सक्छन्। केही साताअघि उनले एआईको प्रयोगबाट छोटो फिल्म "जम्पर" बनाएका थिए। ५ घण्टा लगाएर उनले बनाएको उक्त छोटो फिल्मै साइन्स फिक्सन हो जसलाई दर्शकले निश्चलको कम्पनी ब्ल्याकहर्स पिक्चर्सको युट्युब च्यानलमा पनि हेर्न सक्छन्।

❐ वर्ष ३१ ❐ अंक ३०६ ❐ २०८३ जेठ २१ गते बिहिबार 4 June 2026, Thursday ❐ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## सक्षिप्त समाचार

### दिल्ली होटल आगलागी २१ को मृत्यु

(रासस/एएफपी)

**नयाँदिल्ली,** जेठ २०/भारतको राजधानी नयाँदिल्लीमा एक होटलमा भएको भीषण आगलागीमा कम्तीमा २१ जनाको मृत्यु भएको छ भने दर्जनौं घाइते भएका छन् । पछिल्ला वर्षहरूमा राजधानीमा भएको सबैभन्दा घातक आगलागीका रूपमा यस घटनालाई प्रहरीले पुष्टि गरेको छ । दिल्लीको दक्षिणी भागमा रहेको भीडभाडयुक्त बस्तीमा अवस्थित बेड-एन्ड-ब्रेकफास्ट 'फ्लोरिस स्टे' होटलमा बुधबार बिहान आगलागी भएको हो । आगो तीव्र रूपमा फैलिँदा भवनभित्र रहेका पाहुना र कर्मचारी फस्न पुगेका थिए । उद्धार तथा खोजी कार्य जारी रहँदा ४० भन्दा बढी घाइतेलाई उपचारका लागि नजिकैका अस्पतालमा भर्ना गरिएको प्रहरीले जनाएको छ । घटनास्थलमा आठ वटा दमकल परिचालन गरी लामो प्रयासपछि आगो नियन्त्रणमा लिइएको हो । अधिकारीहरूका अनुसार घटनापछि गहिरो दुःख व्यक्त गर्दै २१ जनालाई मृत घोषित गरिएको छ । प्रहरी र आपतकालीन सेवाका टोलीहरू अझै पनि घटनास्थलमा तैनाथ छन् र थप खोजी तथा उद्धार कार्य भइरहेको छ । स्थानीय सञ्चारमाध्यमहरूका अनुसार मृतकमध्ये धेरै अफ्रिकी मुलुकका आगन्तुकहरू रहेको अनुमान गरिएको छ । उनीहरू उपचार तथा अन्य प्रयोजनका लागि दिल्ली आएका थिए । यद्यपि आधिकारिक रूपमा मृतकहरूको पूर्ण विवरण सार्वजनिक गरिएको छैन ।

# लुम्बिनी सरकार : मन्त्रिपरिषद् हेरफेर, एमालेका मन्त्रीले दिए राजीनामा

## को–को बन्दै छन् मन्त्री ?

हाम्रा संवाददाता

**दाङ,** जेठ २०/लुम्बिनी प्रदेश सरकारले मन्त्रिपरिषद् हेरफेर गर्न थालेको छ । काँग्रेस र एमालेको सहमति अनुसार यहाँ मन्त्रिपरिषद् हेरफेर हुन थालेको हो ।

मन्त्रिपरिषद् हेरफेरका लागि नेकपा एमालेले मन्त्रीहरुले राजीनामा दिएका छन् । बजेटको अन्तिम तयारीमा रहेका बेला एमाले केन्द्रबाट राजीनामाको निर्देशन आएपछि बुधबार चार मन्त्रीले राजीनामा दिएका हुन् । हाल एमालेबाट सरकारमा सहभागी भएका भूमिश्वर ढकाल, दिनेश पन्थी, खेम सारु मगर र सीता शर्मा चौधरीले राजीनामा छन् । अध्यक्ष केपी शर्मा ओलीको निर्देशनमा मन्त्रीहरुलाई राजीनामा दिन मुख्यमन्त्री चेतनारायण आचार्यले नै निर्देशन दिएका थिए । त्यही अनुसार नै मन्त्रीहरुले राजीनामा दिएका हुन् ।

बुधबार नै नयाँ मन्त्री नियुक्त गरी शपथ गराउने तयारी भए पनि प्रदेश प्रमुख कृष्णबहादुर घर्ती भगर लुम्बिनी प्रदेश बाहिर रहेकाले नयाँ मन्त्री नियुक्त हुन नसकेको स्रोतले




जनाएको छ । एमालेबाट मन्त्रीका लागि केन्द्रबाटै गुल्मीका डिल्लीराज भुसाल, अर्घाखाँचीका रामजी घिमिरे, रूपन्देहीका तुलसीप्रसाद चौधरी र बाँकेका रत्न खत्रीको नाम सिफारिस भएको स्रोतको दाबी छ । सिफारिस भएका चार जनामध्ये खत्री यसअघि सामाजिक विकास मन्त्री बनेका थिए । अन्य तिन जना भने मन्त्रीका लागि नयाँ अनुहार हुन् । लुम्बिनी प्रदेशमा अहिले एमाले संसदीय दलका नेता चेतनारायण आचार्य मुख्यमन्त्री छन् । कांग्रेसले पूर्वसहमति अनुसार नेतृत्वसहित सरकार परिर्वतन गर्ने अडान लिँदै आएको छ । जेठको पहिलो साता नै मन्त्री फेर्ने प्रयास भए पनि कांग्रेस संसदीय दलले मुख्यमन्त्रीसहित एकैसाथ सरकार पुर्नगठन गर्ने भनेपछि मन्त्री फेर्ने विषय लम्बिएको थियो । नेकपा एमालेका चार मन्त्रीले राजीनामा दिएपछि सत्ता साझेदार नेपाली कांग्रेसभित्र पनि मन्त्री हेरफेरको दबाब परेको छ । हाल लुम्बिनी प्रदेश सरकारमा नेपाली कांग्रेसबाट धनेन्द्र कार्की (अर्थमन्त्री), सरोज थापा (सहरी तथा खानेपानी विकास मन्त्री), जन्मजय तिमिल्सिना ( सामाजिक विकास मन्त्री), प्रचण्ड विक्रम न्यौपाने (उद्योग, पर्यटन तथा यातायात मन्त्री) तथा देवकरण प्रसाद कलवार ( वन तथा वातावरण मन्त्री) रहेका छन् । प्रदेश सरकारले साउन १ गतेदेखि ८ मन्त्रालय कायम गर्ने निर्णय गरेको छ । सरकारले नीति कार्यक्रममा पनि उक्त विषय प्रमुखताका साथ उल्लेख गरेको छ ।

# दलित पत्रकार संघको केन्द्रीय उपाध्यक्षमा मिलन



**पाल्पा,** जेठ २०/पाल्पाका क्रियाशिल पत्रकार मिलन (नरभूपाल) विश्वकर्मा राष्ट्रिय दलित पत्रकार संघ नेपालको केन्द्रीय उपाध्यक्षमा निर्विरोध निर्वाचित भएका छन् । संघको काठमाडौंमा सम्पन्न दोस्रो राष्ट्रिय महाधिवेशनबाट विक संघको केन्द्रीय उपाध्यक्ष पदमा सर्वसम्मत निर्वाचित भएका हुन् ।

देशभरबाट भेला भएका दलित पत्रकारहरुले विकलाई उपाध्यक्षको जिम्मेवारी दिएका हुन् । उपाध्यक्षमा निर्वाचित उनी विगत दुई दशक लामो समयदेखि पाल्पामा रहेर पत्रकारिता गर्दै आएका छन् । कुसल सञ्चारकर्मीका रुपमा पहिचान बनाएका विकले रेडियोबाट पत्रकारिताको सुरुवात गरेका हुन् । सामुदायिक रेडियो मुक्तिनाथमा लामो समय समाचार प्रमुखदेखि कुसल कार्यक्रम प्रोस्तोताको जिम्मेवारी निर्वाह गरिसकेका उनी अहिले अनलाईनको जिल्ला संवाददातादेखि विभिन्न सामाजिक संगठनका महत्वपूर्ण पदमा रहेर जिम्मेवारी पुरा गर्दै आएका छन् ।

*-बाँकी अीन्तम पेजमा...*

# कुरुवाघर सञ्चालनपछि प्रसूति र कुरुवा लाभान्वित

**बलेवा (बागलुङ),** जेठ २०/गलकोट नगरपालिका र जैमिनी नगरपालिकाको नगर अस्पतालमा निर्माण गरिएको कुरुवाघर सञ्चालनमा आएपछि प्रसूति र कुरुवा लाभान्वित भएका छन् । प्रसूति सेवा लिन आउनेका कुरुवालाई निःशुल्क बस्न सहज होस् भन्ने हेतुले उक्त प्रतिक्षाघर बनाइको थियो । प्रतिक्षाघर निर्माणपछि बिरामीका कुरुवा तथा आफन्तलाई सहज भएको छ । प्रतीक्षा घरमा बसेपछि चिकित्सक र स्वास्थ्यकर्मीको प्रत्यक्ष निगरानी भएपछि सुत्केरीहरु सुरक्षित भएका छन् । हेलिकप्टरबाट उद्धार गरेर पठाउने समस्या हटेको छ ।

प्रतीक्षा घर बनेपछि सेवाग्राही र उनीहरुका कुरुवालाई सहज वातावरण सिर्जना भएको जैमिनी नगर अस्पतालका प्रमुख डा. सुजन शर्माले बताए । ती दुवै प्रतिक्षा घर निर्माणका लागि फेयरमेड फाउण्डेसन र नेपाल गाजा डेभलपमेन्ट फाउण्डेसनले चार/चार लाख तथा नगरपालिकाले छ लाखका दरले रकम




उपलब्ध गराएको थियो । गलकोटको प्रतिक्षा घरमा एकैपटक तीन परिवार वा तीन जनाका कुरुवा बस्न सक्छन् भने जैमिनीमा दुई परिवार बस्न मिल्नेछ । त्यहाँको ग्रामीण क्षेत्रबाट प्रसूति व्यथा हुनु एक दिनअघि नै गर्भवती स्वास्थ्य संस्थामा पुग्नुपर्ने भएकाले त्यस समयमा आर्थिक समस्या भोग्न नपरोस् भनी नगर अस्पताल र स्वास्थ्य चौकीमा यस्ता कुरुवा निर्माण गरिएको संस्थाका अनुगमन अधिकृत सुजन पौडेलले बताए । गत असोजदेखि शल्यक्रिया सेवा सुरु गरिएको गलकोट नगर अस्पतालमा अहिलेसम्म १५० महिलाले प्रसूति सेवा लिएका छन् । त्यस अवधिमा ३७ जनाको शल्यक्रिया भएको छ । ती सबैले सुत्केरी हुनुपूर्व र सुत्केरीपछि कुरुवाघरको सेवा लिएका छन् । अस्पताल प्रशासनका अनुसार यहाँ ७७ जना सुत्केरीका आफन्तले कम्तीमा एक रात बसेर घर फर्केका छन् । कतिपयले यहाँ सात दिनसम्म पनि सेवा लिइएको पाइएको छ ।

*...बाँकी अन्तिम पेजमा*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२
जनचेतना

# सम्पादकीय

## भेदभाव र छुवाछुतको अन्त्य आजको आवश्यकता

नेपाली समाजमा अझै पनि जातिय भेदभाव र छुवाछुत कायमै रहेको छ । यो नाम वा त्यो नाममा भेदभाव र छुवाछुत हुने गरेको छ । यो अत्यन्त दुखको कुरा हो । संविधान र कानुनले अमानवीय व्यवहारलाई निषेध गरे पनि व्यवहारिक जीवनमा यसको प्रभाव देखिनु चिन्ताको विषय हो । छुवाछुत र भेदभावले व्यक्तिको आत्मसम्मानमा गम्भीर चोट पुऱ्याउँछ । यसले समाजमा विभाजन, असमानता र द्वेष बढाउँछ । कुनै पनि व्यक्तिलाई जन्मका आधारमा उच्च वा निम्न ठान्नु मानव अधिकारको उल्लङ्घन हो । आधुनिक र सभ्य समाजमा यस्ता सोच र व्यवहारको कुनै स्थान हुन सक्दैन ।

जात, धर्म, पेसा, क्षेत्र, लिंग, अपांगता, शारीरिक प्रणाली आदिका आधारमा गरिने भेदभाव छुवाछुत हो । नेपालको विकराल छुवाछुत प्रथा मूलतः जातीयरूपमा आधारित छ । यो जातीय भेदभाव तथा छुवाछुत प्रथा मुलुकमा जबरजस्त रूपमा स्थापित सामाजिक कलंक हो । यसलाई अन्त्य गर्न २०६३ जेठ २१ गते नेपालको पुनर्स्थापित संसदले मुलुकलाई जातीय छुवाछुतमुक्त राष्ट्र घोषणा गरेको थियो । सोही दिनको स्मरण गर्दै हरेक वर्षको जेठ २१ गते अर्थात् आजकै दिन जातीय भेदभाव तथा छुवाछुत उन्मूलन दिवसका रूपमा मनाउने गरिए पनि त्यसको अन्त्य हुन सकेको छैन । यो विडम्बनाको कुरा हो । नेपालको संविधानले सबै नागरिकलाई समान अधिकार प्रदान गरेको छ । साथै, जातीय भेदभाव तथा छुवाछुतलाई कानुनी अपराधका रूपमा परिभाषित गरिएको छ । तर कानुनको प्रभावकारी कार्यान्वयनसँगै सामाजिक चेतनाको विकास पनि उत्तिकै आवश्यक छ । विद्यालय, परिवार, सञ्चारमाध्यम तथा सामाजिक संस्थाहरूले समानता र मानवताको सन्देश फैलाउन महत्वपूर्ण भूमिका खेल्नुपर्छ । भेदभाव र छुवाछुतको अन्त्य केवल सरकार वा कानुनको जिम्मेवारी मात्र होइन, सम्पूर्ण समाजको साझा दायित्व हो । प्रत्येक नागरिकले आफ्नो सोच र व्यवहारमा परिवर्तन ल्याउनुपर्छ । सबैलाई समान सम्मान र अवसर प्रदान गर्ने संस्कृतिको विकास गर्न सके मात्र समतामूलक र सभ्य समाज निर्माण सम्भव हुन्छ । अन्ततः, भेदभाव र छुवाछुत मानवताको कलङ्क हुन् । यस्ता कुप्रथाको अन्त्य गरी समानता, न्याय र भाइचाराको भावना स्थापित गर्नु आजको प्रमुख आवश्यकता हो । सबैले मिलेर भेदभावमुक्त समाज निर्माणतर्फ अग्रसर हुनु नै आजको आवश्यकता हो ।

### Opinion @ Social Network

कहिलेकाहीँ धेरै सहनु पनि जरुरी हुन्छ...
किनकि समयले फूललाई पत्थर बनाइदिन्छ ।
(केशव थापाको फेसबुक स्टाटसबाट www.facebook.com/Keshav.Thapa)

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# बजेट : आर्थिक समृद्धिको मार्ग कि चुनौतीको निरन्तरता ?



**मनिषा आले मगर**

*नेपाल सरकारले आर्थिक वर्ष २०८३/८४ का लागि प्रस्तुत गरेको बजेट पनि यिनै उद्देश्यहरूलाई केन्द्रमा राखेर ल्याइएको छ । वर्तमान समयमा नेपालको अर्थतन्त्र सुस्त रहेको, बेरोजगारी बढिरहेको, युवा जनशक्ति विदेश पलायन भइरहेको तथा उत्पादनमूलक क्षेत्र कमजोर बन्दै गइरहेको अवस्थामा आएको यो बजेटप्रति आम नागरिक, व्यवसायी, उद्योगी तथा अर्थशास्त्रीहरूको विशेष चासो रहेको छ । सरकारले आर्थिक वृद्धि, रोजगारी सिर्जना, पूर्वाधार विकास, कृषि आधुनिकीकरण, शिक्षा तथा स्वास्थ्य सुधार, सूचना प्रविधिको विकास तथा निजी क्षेत्रको प्रवर्द्धनलाई प्राथमिकतामा राखेको जनाएको छ । बजेटले समग्र अर्थतन्त्रलाई चलायमान बनाउने र दिगो विकासका लक्ष्यहरू प्राप्त गर्न सहयोग पुऱ्याउने अपेक्षा गरिएको छ । तर बजेटमा समेटिएका कार्यक्रमहरू व्यवहारमा कति सफल हुन्छन् भन्ने कुरा कार्यान्वयन क्षमतामाथि निर्भर रहनेछ । यसर्थ सरकारले हालै ल्याएको आगामी आर्थिक वर्षको बजेटका विषयमा केन्द्रीत रहेर यहाँ चर्चा परिचर्चा गर्ने प्रयास गरिएको छ ।*

*बजेटको आकार र उद्देश्य*
*आर्थिक वर्ष २०८३/८४ को बजेट विगतका वर्षहरूको तुलनामा ठूलो आकारको रहेको छ ।*

झन्डै दुईतिहाइको रास्वपा नेतृत्वको सरकारले आर्थिक वर्ष २०८३/०८४ का लागि २१ खर्ब २४ अर्ब रुपैयाँको बजेट ल्याएको छ । अर्थमन्त्री स्वर्णिम वाग्लेले प्रस्तुत गरेको यस बजेटले आर्थिक सुधार, निजी क्षेत्रको प्रवर्द्धन, रोजगारी सिर्जना, पूर्वाधार विकास तथा वित्तीय अनुशासनलाई प्राथमिकता दिएको सरकारको दावी छ । यद्यपि बजेटको आकार, स्रोत र खर्चको संरचनालाई नजिकबाट विश्लेषण गर्दा नेपालको अर्थतन्त्र अझै पनि राजस्वभन्दा ऋणमा बढी निर्भर रहेको तथ्य स्पष्ट देखिन्छ । बजेट कुनै पनि सरकारको वार्षिक आय-व्यय योजना मात्र होइनह यो सरकारको आर्थिक दर्शन, विकास प्राथमिकता र भविष्यको मार्गचित्र पनि हो । त्यसैले बजेटको सफलताको मूल्यांकन केवल यसको आकारबाट होइन, स्रोतको दिगोपन, खर्चको प्रभावकारिता र दीर्घकालीन आर्थिक परिणामबाट गरिनुपर्छ । सरकारले प्रत्येक वर्ष सार्वजनिक गर्ने बजेटले देशको विकासको दिशा निर्धारण गर्ने, आर्थिक गतिविधिलाई गति दिने तथा नागरिकको जीवनस्तर सुधार गर्ने उद्देश्य राखेको हुन्छ ।

नेपाल सरकारले आर्थिक वर्ष २०८३/८४ का लागि प्रस्तुत गरेको बजेट पनि यिनै उद्देश्यहरूलाई केन्द्रमा राखेर ल्याइएको छ । वर्तमान समयमा नेपालको अर्थतन्त्र सुस्त रहेको, बेरोजगारी बढिरहेको, युवा जनशक्ति विदेश पलायन भइरहेको तथा उत्पादनमूलक क्षेत्र कमजोर बन्दै गइरहेको अवस्थामा आएको यो बजेटप्रति आम नागरिक, व्यवसायी, उद्योगी तथा अर्थशास्त्रीहरूको विशेष चासो रहेको छ । सरकारले आर्थिक वृद्धि, रोजगारी सिर्जना, पूर्वाधार विकास, कृषि आधुनिकीकरण, शिक्षा तथा स्वास्थ्य सुधार, सूचना प्रविधिको विकास तथा निजी क्षेत्रको प्रवर्द्धनलाई प्राथमिकतामा राखेको जनाएको छ । बजेटले समग्र अर्थतन्त्रलाई चलायमान बनाउने र दिगो विकासका लक्ष्यहरू प्राप्त गर्न सहयोग पुऱ्याउने अपेक्षा गरिएको छ । तर बजेटमा समेटिएका कार्यक्रमहरू व्यवहारमा कति सफल हुन्छन् भन्ने कुरा कार्यान्वयन क्षमतामाथि निर्भर रहनेछ । यसर्थ सरकारले हालै ल्याएको आगामी आर्थिक वर्षको बजेटका विषयमा केन्द्रीत रहेर यहाँ चर्चा परिचर्चा गर्ने प्रयास गरिएको छ ।

**बजेटको आकार र उद्देश्य**

आर्थिक वर्ष २०८३/८४ को बजेट विगतका वर्षहरूको तुलनामा ठूलो आकारको रहेको छ । बजेटले आर्थिक गतिविधि विस्तार गर्दै उत्पादन, रोजगारी र लगानी अभिवृद्धि गर्ने लक्ष्य लिएको छ । साथै, देशको आर्थिक वृद्धिदर बढाउने तथा मुद्रास्फीतिलाई नियन्त्रणमा राख्ने उद्देश्य पनि प्रस्तुत गरिएको छ । बजेटले सार्वजनिक खर्चलाई व्यवस्थित गर्दै विकास निर्माणका कामलाई तीव्रता दिने, निजी क्षेत्रलाई लगानीका लागि प्रोत्साहन गर्ने तथा वैदेशिक लगानी आकर्षित गर्ने नीति अवलम्बन गरेको छ । सरकारको विश्वास छ कि यी कार्यक्रमहरू सफल भएमा आर्थिक विकासको नयाँ सम्भावना सिर्जना हुनेछ ।

**कृषि क्षेत्रलाई प्राथमिकता**

नेपालको अधिकांश जनसंख्या कृषि पेशामा निर्भर रहे पनि कृषि क्षेत्र अझै पनि परम्परागत प्रविधिमा आधारित छ । कृषि उत्पादनमा आत्मनिर्भरता हासिल गर्न नसक्दा नेपालले हरेक वर्ष ठूलो परिमाणमा खाद्यान्न आयात गरिरहेको छ । यस अवस्थालाई सुधार गर्न बजेटले कृषि क्षेत्रलाई विशेष प्राथमिकता दिएको छ । कृषिमा आधुनिक प्रविधिको प्रयोग, सिंचाइ सुविधा विस्तार, मल तथा बीउको उपलब्धता, कृषि बीमा कार्यक्रम, कृषि ऋणमा सहुलियत तथा कृषिजन्य उद्योगको विकासमा जोड दिइएको छ । कृषि उत्पादन वृद्धि गरी आयात प्रतिस्थापन तथा निर्यात प्रवर्द्धन गर्ने लक्ष्य पनि बजेटले लिएको छ । यदि यी कार्यक्रम प्रभावकारी रूपमा लागू भए भने कृषकको आय वृद्धि हुनुका साथै राष्ट्रिय अर्थतन्त्रमा सकारात्मक प्रभाव पर्न सक्छ ।

**पूर्वाधार विकास : समृद्धिको आधार**

कुनै पनि देशको आर्थिक विकासका लागि सडक, पुल, विमानस्थल, विद्युत् तथा सञ्चारजस्ता पूर्वाधारहरूको विकास अत्यन्त आवश्यक हुन्छ । बजेटले राष्ट्रिय गौरवका आयोजनाहरूलाई निरन्तरता दिँदै विभिन्न सडक, पुल तथा ऊर्जा परियोजनाका लागि पर्याप्त बजेट विनियोजन गरेको छ । विशेष गरी रणनीतिक सडक सञ्जाल विस्तार, ग्रामीण सडक सुधार, विद्युत् प्रसारण लाइन निर्माण तथा जलविद्युत् परियोजनामा लगानी बढाउने योजना प्रस्तुत गरिएको छ । नेपालमा ऊर्जा उत्पादनको ठूलो सम्भावना रहेको हुँदा जलविद्युत् क्षेत्रको विकासले आर्थिक समृद्धिमा महत्वपूर्ण योगदान पुऱ्याउन सक्छ ।

**शिक्षा क्षेत्रको सुधार**

शिक्षा राष्ट्र विकासको आधार स्तम्भ हो । बजेटले शिक्षा क्षेत्रमा गुणस्तरीय शिक्षाको पहुँच विस्तार गर्ने, विद्यालयको भौतिक पूर्वाधार सुधार गर्ने तथा प्रविधिमैत्री शिक्षालाई प्रोत्साहन गर्ने नीति लिएको छ । सरकारले प्राविधिक तथा व्यावसायिक शिक्षामा जोड दिँदै रोजगारमुखी जनशक्ति उत्पादन गर्ने लक्ष्य राखेको छ । साथै, शिक्षक तालिम, डिजिटल शिक्षा तथा अनुसन्धानमूलक अध्ययनलाई प्रोत्साहन गर्ने कार्यक्रमहरू पनि बजेटमा समावेश गरिएको छ । यस्ता कार्यक्रमहरूले शिक्षाको गुणस्तर सुधार गर्न सहयोग पुऱ्याउने अपेक्षा गरिएको छ ।

**स्वास्थ्य क्षेत्रको विकास**

स्वास्थ्य सेवा नागरिकको आधारभूत अधिकार हो । बजेटले स्वास्थ्य संस्थाको सुदृढीकरण, स्वास्थ्य बीमा कार्यक्रमको विस्तार तथा आधारभूत स्वास्थ्य सेवाको पहुँच बढाउने लक्ष्य राखेको छ । विशेषज्ञ चिकित्सकको उपलब्धता, ग्रामीण क्षेत्रमा स्वास्थ्य सेवा विस्तार, औषधि उत्पादन तथा स्वास्थ्य पूर्वाधार विकासका कार्यक्रमहरू समावेश गरिएका छन् । यदि यी कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन भए भने स्वास्थ्य सेवामा आम नागरिकको पहुँच बढ्नेछ ।

**बजेट कार्यान्वयनमा चुनौती**

अर्थत्र मन्त्री वाग्लले दुवै सदनमा बजेट प्रस्तुत गरेसँगै बजेटमाथि संसदमा छलफल सुरु भएको छ । नयाँ बजेट र कार्यक्रमलाई धेरैले पुरानै खालको भने पनि कतिपयले आर्थिक सुधारतर्फ उन्मुख रहेको बताएका छन् । यद्यपी बजेट जे जस्तो भए पनि कार्यान्वयन पक्ष महत्वपूर्ण हो । छलफलमा प्रमुख प्रतिपक्ष दलका सांसदहरुले भने बजेटप्रति विरोधसँगै कार्यान्वयन हुनेमा आशंका गरेका छन् । प्रायः प्रतिपक्षी दलहरूबाट बजेटको विरोध हुने गरेको पाइन्छ र यो हुनु पनि पर्छ । तर, आगामी आर्थिक वर्षको बजेटप्रति प्रतिपक्षी दलका साथै सत्तापक्षकै दलले प्रश्न उठाएका छन् । यसले बजेट कार्यान्वयन हुनेमा थप संशय उत्पन्न गराएको छ । यस वर्षको बजेटले नितान्त नौलो भविष्य वा देशमा दूरगामी प्रभाव पार्ने कुनै ठोस कार्यक्रम घोषणा गर्न सकेको छैन भने यसले चल्दै आएको आर्थिक प्रणालीलाई भत्काउने वा बिगार्ने गरी असहज व्यवस्था पनि गरेको छैन ।

बजेट भनेको सबैभन्दा बढी विरोध हुने विषय हो यसमा सन्देह छैन । सबै सांसदहरूको आ-आफ्ना संसदीय क्षेत्रहरूमा बढी बजेट विनियोजन होस् भन्ने चाहना हुन्छ तर बजेटले त्यसो गर्न सकेको हुँदैन । कुनै क्षेत्रमा बढी र कुनै क्षेत्रमा कम त भई नै हाल्छ । त्यसले गर्दा कम विनियोजन भएका क्षेत्रका सांसदहरू बजेटविरोधी बन्नु स्वभाविक हो । तर सांसदहरुले नै बजेट कार्यान्वयनमा चुनौती रहेको बताएका छन् । असहज अवस्थामा बजेटको आकार बढाइएको, लक्ष्यअनुसार राजस्व संकलन, वैदेशिक अनुदान र ऋण जुटाउन सहज नभएकाले बजेट कार्यान्वयन हुनेमा सांसदहरु नै सशंकित छन् । अर्थतन्त्रको मूलभूत समस्या समाधान र स्रोतको व्यवस्थापनमा बजेट केन्द्रित हुन नसक्नुले पनि कार्यान्वयनमा थप चुनौति रहेको छ । बजेटको आकार मुलुकको आवश्यकताअनुसार सहज रूपमा वृद्धि गरिनुपर्ने भए पनि बढाउनका लागि बढाइएको छ । यसले बजेटको स्रोत जुटाउन सकस पर्ने देखिन्छ । यसले पनि बजेट सहजै कार्यान्वयन नहुने हो कि भन्ने आशंका उब्जाउने गरेको छ । बजेट कार्यान्वयनमा जतिसुकै चुनौति रहे पनि सरकारले दृढ इच्छा शक्ति देखाएमा कार्यान्वयन नहुने भन्ने हुँदैन । तसर्थ बजेट कार्यान्वयनको दिशामा सरकार गम्भीर बन्न जरुरी छ ।

***(लेखक आले नवजनचेतना दैनिकको समाचार शाखामा कार्यरत छिन् ।***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : जोश जागरमा वृद्धि हुनेछ। उपलब्धिले नयाँ कार्यमा उत्साह जाग्नेछ। | **तुला** : नकारात्मक विचारबाट मुक्ति मिल्नेछ। जोश जागरमा वृद्धी हुनेछ। |
| **वृष** : कार्य सजिलै सम्पादन गर्न सकिनेछ। स्वाभिमानको रक्षा गर्न सफल भइनेछ। | **वृश्चिक** : जीवनशैलीमा राम्रो परिवर्तन ल्याउन सकिनेछ। स्वास्थ्य सबल रहनेछ। |
| **मिथुन** : कार्य प्रारम्भ गर्नमा बाधा आउनेछ। सवारी साधन चलाउँदा सावधान रहनुहोला | **धनु** : समस्या सुल्झाउनमा समय बित्नेछ। नोकरी र व्यवसायमा प्रगति हुनेछ। |
| **कर्कट** : व्यापार व्यवसायमा लाभ र हनेछ। श्रमको उचित मूल्यांकन मिल्नेछ। | **मकर** : लगानी लगाउने अवसर जुट्नेछ। कार्यक्षेत्रमा आम्दानी बढाउन अग्रसर भइनेछ। |
| **सिंह** : सामाजिक कार्य गर्ने अवसर मिल्नेछ। मन प्रशन्न रहनेछ। | **कुम्भ** : रमाइलो यात्राले मन प्रसन्न रहनेछ। घरपरिवारको साथले उत्साह जाग्नेछ। |
| **कन्या** : भविष्य योजना बनाउने समय रहेको छ। प्रेम र मित्रताको बन्धन कसिनेछ। | **मीन** : वित्तीय र सहकारी संस्थाबाट लाभ मिल्ला। शत्रुहरू पराजित हुनेछन्। |




कथा — विजय हितान

# जिन्दगी फूल सम्झे फूलै हो

लण्डनको त्यो बिहान अरू दिनजस्तै धुम्म थियो । झ्यालको सिसामा पानीका फिसफिस थोपा ठोक्किँदै झरिरहेका थिए । भित्रको एउटा कोठा अस्पतालको वार्डजस्तै भान हुन्थ्यो । बेडमा निश्चेत पल्टिरहेको एउटा ज्यान । उसको आँखा कोठाको झ्यालजस्तै बन्द थिए । संभवत: ती आँखाले विगतमा बिताएका उज्याला दिनहरूलाई कैद गरेर राखेका हुँदा हुन् । सुमायाले सावधानीपूर्वक सिरानी मिलाइदिइन् । साइड टेबलमा यत्रतत्र छरिएर रहेका दबाईका प्याकेटलाई सम्हालेर राखिन् । अनि उनको निधारलाई सुमसुमाउँदै भनिन्, “हिमालय सर, हजुरलाई चिसो त भा..छैन नि ?” उत्तर आएन । आउने कुरै भएन । न मुन्टो नै हल्लियो । हिमालय सरको निर्दोष अनुहारले त्यस्तो असजिलो केही नभएको संकेत गरिरहेको थियो । वर्षौं भैसकेको थियो पति पत्नीबिच दोहोरो संवाद हुन नसकेको । अब त बानी लागिसकेको थियो सुमायालाई । भगवानको मूर्तिसँग पनि कहाँ संवाद चल्छ र ?! वर माग्ने, प्राथना गर्ने, भजन गाउने त भक्तालुले मात्र न हो । सुमायाले झ्यालतिर फर्केर हेरिन् । उनको मन एक्कासि झ्यालबाट हाम फालेर हजारौं माइल टाढा- धरानको घोपा क्याम्प पुग्छ । त्यो दिन घामको उज्यालोले छाइएको थियो धरानको बृटिश क्याम्प । इङ्गेजमेन्ट भरखरै भएको थियो दुइजनाको । फेमिली दर्ता गराएर क्लार्कको अफिसबाट बाहिरिँदै गर्दा उनले पहिलोपटक हिमालय सरलाई राम्ररी हेरेकी थिइन् । मझौला कद, गोरो अनुहार, सुसंगठीत लाहुरे ज्यान र अनुशासित व्यक्तित्व । उनको मनभित्र अचानक प्रेमको कोपिला अंकुराएर आयो । “कस्तो हेन्डसम् !” ,उनले मनमै भनेकी थिइन् । प्राय: जोडीको पहिला प्रेम, त्यसपछि इङ्गेजमेन्ट अनि विवाह हुन्छ तर उनीहरूको जीवनमा पहिले इङ्गेजमेन्ट भयो, त्यसपछि प्रेम पलायो, अनि मात्र वैवाहिक गाँठोमा बाँधिएका थिए । फुस्किँदै गरेको मुस्कानसित सुमायाले आृनो नजर झ्यालबाट भित्र तानिन् । नि:शब्द हिमालय सरको शरीर ओछ्यानमा लडिरहेको थियो । क्षणिक त्यो उनको मुस्कान आँशुका थोपामा परिणत भए । हिमालय सरको हातका रेखा हेर्दै उनले बिस्तारै भनिन्, “तपाईंलाई सम्झना छ सर ? धरानमा पहिलोचोटी चाउमिन खाँदा मैले गड्यौला जस्तो लाग्यो भनेर खानै मानेकी थिइनँ ।” हिमालय सर नबोले पनि उनका बन्द आँखाभित्रका नानी सलबलाए जस्ता गरे । सुमायाले त्यहीलाई उत्तर ठानिन् । उनको बेवारिसे मन पुन: विगततिरै फर्कियो । सिनेमा हलको अँध्यारोपना । कुम सटाएर बसेका रोमान्टिक एक जोडी । तर चुरोटको गन्ध । उनलाई त्यो गन्ध पटक्कै मन पर्दैनथ्यो । असहजता दर्साइन् होला तर त्यसको बिरुद्दमा बोल्ने साहस गरिनन् । छुट्टिमा आएका हिमालय सर केही दिनपछि पल्टन फर्के । उता पुग्नसाथ चिठी पठाए । चिठीमा सुमायालाई- अचाक्ली मिस गरेको र चुरोट पिउन छोडेको- कुरा लेखेका थिए । चिठी पढेर सुमाया अति नै भावुक बनेकी थिइन् । हिमालय सर- लव र अन्डरस्टान्डिङ्- को सागर नै भएको उनले पहिलोपटक बोध गरेकी थिइन् । तर जीवन भन्नु लटरम्म फूलै फूलको डाली मात्रै पनि हैन नि ।



फूलको हाँगामा काँडा पनि पलाउँछन् । केही वर्ष पछि, हिमालय सर टिचिङ् हस्पिटलमा बिमार परेर भर्ना भएछन् । बैनीले भन्दा पो थाहा पाइन् सुमायाले । सुमायालाई थाहै नदिई पल्टनबाट छुट्टिमा आउँदा त्यस्तो भएको । एकदिन हिमालय सरले गम्भीर बनेर भनेका थिए, “म दीर्घ रोगी हुन थालेँ सुमाया, तिमी आफ्नो बाटो लाग है ।” त्यतिबेला उनीहरूको इङ्गेजमेन्ट भैसकेको थियो । सुमायाले हिमालय सरको आँखामा हेरेर भनेकी थिइन्, “यदि यही अवस्थामा म भएको भए, तपाईं के गर्नुहुन्थ्यो ?” त्यसपछि हिमालय सर अक्क न बक्क परेका थिए । शायद त्यही मौनताभित्र उनीहरूको विवाहको लगनगाँठो लुकेको थियो । अचानक हिमालय सरले ख्वाक्क खोके । सुमाया झस्किइन् । कम्बल तानेर छातीसम्म पुऱ्याइन् । “हजुरलाई थाहा छ सर दस वर्ष भयो तपाईंले मुखबाट अन्न खानुभएको छैन । मैले पनि मीठा मीठा परिकार बनाउन छोडेँ ।” उनको आवाजमा एक किसमको मधूर कम्पन थियो । उनी फेरि सम्झनामा हराइन् । गाईघाटको घर । दाउराको चुलो । लोडसेडिङ । स्वर्गेबास भैसकेका ससुरा र बिमारी सासू । उता माइतमा मट्टितेलको स्टोभ । यता घरमा धुवाँले आँखा पोल्ने अगेना । तर उनले कहिल्यै गुनासो गरिनन् । हिमालय सर कहिले हङकङ, कहिले बहराइन । अक्सर खबरै नगरी घर आइपुग्ने । “सरप्राइज” दिन मनपर्ने मान्छे । तर सुमायालाई त्यो सरप्राइजभन्दा एक्लोपन धेरै भारी लाग्थ्यो । गर्भ तुहिँदा, बच्चा जन्मिँदा र बच्चाहरूलाई हुर्काउँदाका एकल र न्यास्रा पलहरूलाई सम्झिइन् । त्यो एक्लोपनले आफूलाई कदापि दुर्बल हुन दिइनन् । आशावादी र सकारात्मक सोच लिएर जीवनरुपी गरुङ्गो भारी बोक्दै अघि बढिरहिन् । पढिन् । जागिर खाइन् । सामाजिक संगठनको नेतृत्व गरिन् । प्राध्यापक बनिन् । पीएचडी गरिन् । तर भावीले अर्को परीक्षा लिएको रहेछ । सासूको बिमारी बढ्दै गयो । हिमालय सर बिमार आमालाई सेवा प्रदान गर्ने उद्देश्यले नोकरी त्यागेर घर आए । भूकम्पपछिको विद्यालय पुनर्निर्माण परियोजनामा हिमालय सर काम गर्दा एक स्टाफले सुमायालाई अनुरोध गरेका थिए, “तपाईंका कर्मचारीलाई कमिसन खान दिनुस् भनेर भनिदिनुस् न हिमालय सरलाई ।” सुमायाले त्यो कुरा साँझ सुत्नेबेलामा हिमालय सरलाई सुनाएकी थिइन् । अर्को दिनदेखि हिमालय सर झन् कडा भएर उत्रिए । भ्रष्ट कर्मचारीमाथि कारबाही गर्न शुरु गरे । कर्मठ र निष्ठावान् बनेर देशको सेवा गर्ने अठोट लिए । त्यही दिनदेखि उनले आृनो पतिलाई “हिमालय सर” भनेर सम्बोधन गर्न थालेकी थिइन् । प्रेमभन्दा माथिको सम्मानले जन्माएको सम्बोधन । बाहिर वर्षाको स्वरुप सिमसिमबाट झरझरमा परिणत हुँदै थियो । सुमाया उठेर झ्याल बन्द गर्न गइन् । फर्केर आउँदा हिमालय सरको मुन्टो सुमायातिर फर्केला फर्केलाजस्तो थियो । प्राणभन्दा पनि प्यारी पत्नी आफूलाई छाडेर बाहिरिइन् कि भनेर होला । त्यो मायालु अनुहार देखेर सुमायालाई हिमालय सरले पनि आफूले जस्तै आफ्ना विगत सम्झिरहनुभएको छ कि जस्तो लाग्यो । छेउमा बसेर बिस्तारै कपाल सुमसुमाउन थालिन् । “हिमालय सर तपाईंले भनेको याद छ ? मलाई हातमा सिसाकलम थमाउँदै- आँखा चिम्म गर र यो कागजमा कोरिएको वृतभित्र एउटा बिन्दु कोर ।” “मैले त्यो बिन्दु गोलाकारको बाहिर कोरेकी थिएँ । तिमी निष्ठाको परीक्षामा पास भयौ भनेर तपाईंले भन्नुभएको थियो मलाई ।” आँखिभौं अलिकति हल्लिएको जस्तो बाहेक हिमालय सरको कुनै प्रतिक्रिया आएन । उनी यस्ता दिनचर्यादेखि थाकिसकेकी थिइन् । तर हारेकी भने थिइनन् । त्यतिनैखेर छोरा प्रणय र छोरी ज्योत्सना कोठामा प्रवेश गर्छन् । सुमायाको नोस्टाल्जिया भंग हुन्छ । तर छोराछोरीलाई देखेपछि उनको फदयबाट सबै पीडा विलीन हुन्छ र अनुहारमा एक किसिमको शान्ति छाउँछ । यति विघ्न काँडै काँडाबीच पनि आफ्नो पारिवारिक जीवनमा प्रेमभावका फूलहरू फुलाएर बसिरहेकी सुमाया । जिन्दगी फूल सम्झे फूलै हो ! *-साहित्यपोस्ट डटकम*

निबन्ध — नम्रता गुरागाई

# बाउआमाको बिहे

*मेरा आंखापनि लिसालाइ छानीदिने निहुंले ति स्टाइलहरुमा गइराखे । भित्रि मनले थुक्क तं कहिल्यै सबैकुरा मिलाएर हिडन जानिनस गोज्यांग्री भनेर मलाइ गाली गर्यो । हुनपनि हो लिसाले जस्तो प्लान गरे पो सबै कुरा गर्न भ्याइन्छ । राम्रो हुन त सबैलाइ मन लाग्छ नी हैन र ? तर पार्टीमा जाने बेलामा सारी खोज्यो । बल्लबल्ल मन परेको सारी भेटियो भने त्यसको ब्लाउज नमिलेर कत्रो टेन्सन । ट्राइ गरेर फाल्दा फाल्दा बल्लबल्ल एउटालाइ मिल्ने बनाएर हतार हतार लाउंछु । सारी त लाएं अब त्यसलाइ मिल्ने चुरा, ब्याग र चप्पल भेटिएलान त..? ठ्याक्कै मिल्ने नभेटिएन के भो त...आजलाइ भइहाल्छ नि, अर्को पार्टीमा चाहिं मिलाएर लाउंछु भन्दै हिडछु । अर्को नयां पार्टी त आइहाल्छ, आफनो गती भने उस्तै । अझ अफिसको मिटिङ्गमा बस्दा आधा नङ्गपालिस भएका हातका नङ्ग देखिन्छन कि भन्ने कत्रो जगजगी । अरुचाहिं आफनो छुटटीलाइ शरिर राम्रो बनाउन प्रयोग गर्छन र अफिस जांदा चिटिक्क परेर आएका देखिन्छन् । आफूचाहि लगाएको नङ्गपालिससम्म आधा पारेर पुग्छु । के म नङ्गपालिसम्म लाउन भ्याउदिन त छुटटीमा...? मैले एकछिन आफनै हेलचेक्राइलाइ मर्नेगरी गाली गरें । लिसाचाहिं कुनै छानीदेली कि भनेर मलाइ हेर्दिरहिछ म भने कपालका स्टाइलहरु हेर्न निहुंमा काहां पुगेछु काहां ।*

हप्ताभरीको टाइमकार्ड बुझाउन के पसेकी मात्र थिएं - हेर्न एउटा बिहेको पार्टीमा भर्जिनिया जानुपर्ने कपाल कस्तो बनाउने कस्तो कन्फयुज भइराखेकी छु, एउटा मलाइ सुहाउने छानिदेन भन्दै लिसाले हेयर स्टाइलका लिस्टहरु भएको कम्प्युटरको स्क्रिन मतिर तेर्स्याइ । एकछिन हेरें ति लिस्टहरुलाइ र निकै जान्ने पल्टेर माथि जुरो बनाएको देखाएर यो बनाए हुन्न..? भनिदिएं । त्यो त कति सजिलो... कति चोटी बनाइसकें मैले, यो पल्ट नयां बनाउन मन लागेर पो सोधेकी त..? त्यसोभए पार्लर जा न त, उनिहरुले तंलाइ सुहाउने बनाइदिइहाल्छन नि... भनिदिएं । अं... कति महंगो हुन्छ पार्लरमा ...? म एकचोटी गएकी कति तिरें गेस गर त....? मैले यतिकै ५० डलर...? भनिदिएं । उसले तुरुन्तै १०० डलर तिरें नी.. अरुपनि एक दुइटा काम थियो, त्यसपछि त म यु टयुब हेरेर आफै बनाउन थालें भन्दै उसले आफनै लामो कपाल खेलाइरही । हेयर स्टाइलहरु हेर्दै घरी उ आफनो कपाललाइ माथि लान्छे त घरी तल झार्छे, घरी जुरो बनाउछे त घरी फुकाउछे । मेरा आंखापनि लिसालाइ छानीदिने निहुंले ति स्टाइलहरुमा गइराखे । भित्रि मनले थुक्क तं कहिल्यै सबैकुरा मिलाएर हिडन जानिनस गोज्यांग्री भनेर मलाइ गाली गर्यो । हुनपनि हो लिसाले जस्तो ल्पान गरे पो सबै कुरा गर्न भ्याइन्छ । राम्रो हुन त सबैलाइ मन लाग्छ नी हैन र ? तर पार्टीमा जाने बेलामा सारी खोज्यो । बल्लबल्ल मन परेको सारी भेटियो भने त्यसको ब्लाउज नमिलेर कत्रो टेन्सन । ट्राइ गरेर फाल्दा फाल्दा बल्लबल्ल एउटालाइ मिल्ने बनाएर हतार हतार लाउंछु । सारी त लाएं अब त्यसलाइ मिल्ने चुरा, ब्याग र चप्पल भेटिएलान त..? ठ्याक्कै मिल्ने नभेटिएन के भो त...आजलाइ भइहाल्छ नि, अर्को पार्टीमा चाहिं मिलाएर लाउंछु भन्दै हिडछु । अर्को नयां पार्टी त आइहाल्छ, आफनो गती भने उस्तै । अझ अफिसको मिटिङ्गमा बस्दा आधा नङ्गपालिस भएका हातका नङ्ग देखिन्छन कि भन्ने कत्रो जगजगी । अरुचाहिं आफनो छुटटीलाइ शरिर राम्रो बनाउन प्रयोग गर्छन र अफिस जांदा चिटिक्क परेर आएका देखिन्छन् ।

आफूचाहि लगाएको नङ्गपालिससम्म आधा पारेर पुग्छु । के म नङ्गपालिसम्म लाउन भ्याउदिन त छुटटीमा...? मैले एकछिन आफनै हेलचेक्राइलाइ मर्नेगरी गाली गरें । लिसाचाहिं कुनै छानीदेली कि भनेर मलाइ हेर्दिरहिछ म भने कपालका स्टाइलहरु हेर्न निहुंमा काहां पुगेछु काहां । यसले मलाइ सुहाउंला त...?सांच्चै भन् त..भनेपछि पो म झसंग भएं । निकै गहिरिएर हेरेजस्तो गरेर तुरुन्तै सुहांउंछ....मलाइ बिश्वास गर । राम्रा मान्छेलाइ जे ले पनि सुहाइहाल्छ नि, भन्दै थोरै हावापनि हालें लिसालाइ । उ झन खुशीले गमक्कै फुली । उसको कोठामा बसेको धेरैबेर भएकोले म जानलाइ हतारिएं । ए... पख त ...म दुइ दिन आउंदिन, तंलाइ केही चाहिएको छ भने भनिहाल् भनी । उत्तरमा छैन.... आएर कुरा गरौला भनेर म उसको कोठाबाट बाहिरिएं । लिसाले भनेको दुइदिन मपनि आफनै काममा ब्यस्त भएंछु । दुइ तिनवटा बिभागको एकैचोटीको कामको अनुरोधले मैले टाउको उठाउने समय पाइन । तिमध्ये पुलिस बिभागको एउटा । उनिहरुको काम जहिलेपनि पहिला र चांडोभन्दा चांडो सकेर पठाउनु पर्ने हुन्छ । म त्यसैमा ब्यस्त भएं । पुलिस बिभागको अनुरोध पुलिस इनिस्पेक्टरहरुको कामको एरिया बिभाजन रहेछ । हेर्दा अप्ठयारो नलागेको नक्शाले नराम्ररी समय खायो । सानु कुरा नमिल्दा हाकिमको प्रेशर आफैलाइ बढेजस्तो भयो । बल्लबल्ल मिलाएर पठाइदिएं । दुइदिन पत्तै नपाइ बितेछन । दुइदिनपछि फेरी मैले लिसालाइ संझिएं । अब त पार्टीबाट फर्किहोली । पार्टीमा कसैले तंलाइ यो स्टाइलले सुहाएन भनेका रहेछन भने चाहिं के भन्ने होला भनेर संझिदैथिएं । उ मेरो कोठामा टुप्लुकै आइपुगी ।

म फर्किसकें नी....मैले तैले भनेकैजस्तो कपालको स्टाइल बनाएं । सबैले राम्रो भयो भने...यी हेर त.... भनेर फोटो देखाइ । अरुलेपनि राम्रो भनेको सुनेर मपनि ढुक्क भएं । मेरा आंखा हतार हतार फोटोमा गए । सेतो ड्रेसमा त्यो कपालको जुरो लिसालाइ सांच्चै सुहाएको रहेछ । देखिस मैले भनेको होइन...? भन्दै नाक फुलाएं मैले । उसले त झन घिरौला जत्रै पारेर फुर्सदमा मेरो कोठामा आइज ल म अरु फोटो देखाउछु भन्दै हिंडी । उ हिंडेपछि म आफनै काममा लागें । लन्च टाइममा कोठामा छेस भने खुत्रुक्क इमेल खसालेको उसले तुरुन्तै छु, आइज भनेर रिप्लाइ गरेकिले म जुरुक्क उठें । कोठामा पस्नासाथ फेसबुकमा लग इन गरेर बिहाको फोटाहरु देखाइ । डोलो अनुहारकी काली काली अल्गी लिसालाइ सेतो ड्रेसले सांच्चै सुहाएको रहेछ । मानौ त्यो बिहेकी बेहुली त लिसा नै हो । एकछिन लिसाको ठाउंमा आफू उभिएको कल्पना गरें । मलाइपनि पो सुहाएछ त्यो ड्रेसले त । फोटो हेर्दाहेर्दै लिसाको जस्तै ड्रेस पो किन्ने भएं एकैछिनमा । उ फोटोमा भएका मान्छेहरु चिनाउदै गइ – यो मेरो फियान्से (विहे गर्नलाइ मनपराएको मान्छे), यो अर्कोचाहिं उसको भाइ हो, उसकै बिहेमा गएकि नी म... । भाइले त बिहे गरिसकेछ त दाजुले कहिले गर्छ रे नि....? मैले हास्दै लिसातिर प्रश्न फालें । अं...कसैले फालेको बिवाह पेटीचाहिं समातिसक्यो उसले(वेडिंङ्ग बेल्ट- बिबाहयोग्य केटाले कसैले माथि फालेको बेल्ट भेट्टायो भने आंफैले म अब बिबाहयोग्य भएं भन्ने चलन र त्यो बेल्ट भेट्टाउनेले एकवर्ष भित्रमा बिबाह गर्नुपर्छ भन्ने अमेरिकी बिश्वास) । मलाइपनि केटीहरुले माथि फालेको फुलको गुच्छा समात्न जा भन्दै थिए तर म त गइन । म त सक्दिन यत्रो मंहगो बिहे गर्न, लिसाले हास्दै उत्तर फर्काइ । मेरा आंखा फेरी फोटैतिर गए । अर्को फोटो नवबिबाहित जोडीको रहेछ । नयां जोडीको फोटो देखाउदै यिनिहरुले धेरै पैसा खर्च गरे बिहाका लागि । कस्तो महंगो होटल । म त यत्रो खर्च गरेर अहिल्यैदेखि लोनमा फस्दिन । मेरो जागिरले भ्याउंछ त यति महंगो बिहे गर्न...? भन्दै लिसाले अलिकति चिन्ता मसंग बांडी । तेरो फियान्सेले गरिहाल्ला के भनेकि मात्र थिएं, अं.... कहां उसले मात्र गर्नु नी....? मैलेपनि खर्च गर्नुपर्छ । ठुलो खर्च हुंदा धेरै समय लाग्छ तिर्नलाइ भनेर अलिकति भविष्यको चिन्तापनि गरी । लिसाले साना केटाकेटी नाचेको भिडियोपनि लिन भ्याएकी रहिछ । भिडियोमा मैले उसकी छोरीलाइ खोजें । कहिलेकाहिं अफिसमा उसले छोरीलाइ ल्याएको दिन मलाइ भेटाउन ल्याउथी र मैलेपनि राम्ररी चिनेकी थिएं लिसाकी छोरीलाइ । फोटोमा नदेखेर खोइ त छोरी भन्दा ल्याइन.... उसलाइ आमासंग छोडेर गएकी थिएं । पार्टीमा केही कुरा उनिहरुले भनेजस्तो भएन भने पार्टी नै बरबाद पार्छन बच्चाहरुले कहां लानु...? बच्चाहरुको बिचमा ५,६ वर्षको एउटा केटो जीउ छाडेर नाच्दैरहेछ । ए...यो सानो केटो चिनिनस होला हगी...? उ ति ग्रुम(बेहुला) र ब्राइड(बेहुली) त्यसैका बाउआमा हुन । फुर्सदमा बिहा गरेका रे उनिहरुले । त्यही भएर बाउआमाको बिहेमा धेरै खुशी भएर नाचेको रे । *-समकालीन साहित्य डटकम*

# भेदभाव तथा छुवाछुत उन्मूलन राष्ट्रिय दिवस मनाइँदै




**पाल्पा,** जेठ २०/आज जातीय छुवाछुत उन्मूलन राष्ट्रिय दिवस मनाइदैं छ । देशभर विभिन्न जनचेतनामूलक कार्यक्रम आयोजना गरी यो दिवस मनाउन लागिएको हो ।

यो दिवस २१ जेठ २०६३ मा संसद्ले नेपाललाई छुवाछुतमुक्त राष्ट्र घोषणा गरेको सम्झनामा २०६८ देखि मनाउन सुरु गरिएको हो । त्यसयता नेपालमा हरेक वर्ष जेठ २१ मा जातीय भेदभाव तथा छुवाछुत उन्मूलन राष्ट्रिय दिवस मनाउने गरिएको छ । दिवसको अवसरमा राष्ट्रिय दलित आयोग र सामाजिक संघसंस्था, राजनीतिक दलका भातृ संस्थाहरू र दलित अधिकारकर्मीहरुको अगुवाईमा देशभरि विभिन्न कार्यक्रमहरू हुँदैछन् । कसैले कुनै पनि व्यक्तिलाई प्रथा, परम्परा, धर्म, संस्कृति, रीतिरिवाज, उत्पत्ति, जात, जाती, वंश, समुदाय, पेसा, व्यवसाय वा शारीरिक अवस्थाका आधारमा कुनै काम गरे वा गराएमा छुवाछुत तथा भेदभाव मानिन्छ । आजभन्दा ६३ वर्ष अगाडि नै, विसं २०२० मा तत्कालीन राजा महेन्द्रवीर विक्रम शाह देवले मुलुकी ऐनमा छुवाछुत र भेदभाव गर्न नपाइने कानुन ल्याएको पाइन्छ । यद्यपि उक्त कानुनको प्रभावकारी कार्यान्वयन नभएकाले व्यवहारमा जातीय भेदभाव रहिरहेको नै थियो । नेपालको संविधान २०७२ को धारा २४ मा छुवाछुत तथा भेदभाव विरुद्धको हकलाई मौलिक अधिकार सोसरह सुनिश्चित गरेको छ । यदि छुवाछुत तथा भेदभाव गरिएको ठहर भएमा ३ वर्ष सम्म कैद वा एक हजार देखि २५ हजारसम्म जरिवानाको प्रावधान राखेको छ । यसका साथै राष्ट्रिय दलित आयोगलाई पनि संवैधानिक अंग सोसरह मान्यता दिइएको छ । सरकारले जातीय विभेद र छुवाछूत अन्त्यको घोषणा गरेपनि समाजमा दलित समुदायमाथि अझै पनि विभेद र बहिष्करण भोग्दै आएका छन् ।

## दलित पत्रकार संघको...

...उनी नेपाल पत्रकार महासंघ पाल्पाको पूर्व कोषाध्यक्ष, प्रेस चौतारी नेपालका केन्द्रीय सदस्य समेत हुन् । कालीगण्डकी गाउँपालिका-४ स्याङ्जा स्थायी घर भएका विक विगत पाँचवर्षदेखि काठमाडौंबाट सञ्चालन हुँदै आएको थाहा खबर अनलाईन र थाहा सञ्चार नेटवर्कमा पाल्पा संवाददाताको रुपमा काम गर्दै आएका छन् । उनले आवाजबिहिनहरुको आवाजलाई कलम र आवाजको माध्यमबाट उजागर गर्नेदेखि अनियमिता, भ्रष्टाचार, सामाजिक विकृती बिसंगतिका बिरुद्ध सक्रिय रुपमा खबरदारी गर्ने र संगठनमा रहँदा समग्र पत्रकारहरुको क्षमता अभिवृद्धि तथा सुरक्षाको विषयमा सक्रिय भूमिका खेल्दै आएकै कारण छोटो समयमै दलित पत्रकार संघको केन्द्रीय उपाध्यक्ष बन्न सफल भएका हुन् । स्नातक अध्ययन गरेका विक उपाध्यक्षको जिम्मेवारीमा पुगेसँगै एनजेडीसँगको कुराकानीमा दलित श्रमजीवी पत्रकारहरुको हक अधिकार सुनिश्चित गरी लोकतान्त्रिक मुल्य र मान्यता स्थापित गर्ने, व्यवहारिक, रणनीतिक दिगो पत्रकारिता प्रवर्द्धन गर्ने दिशामा आफु सक्रिय भएर लाग्ने प्रतिवद्धता व्यक्त गरेका छन् । संघको महाधिवेशनले गोपाल बराइली अध्यक्षमा नयाँ नेतृत्व चयन गरेको छ । जसको वरिष्ठ उपाध्यक्षमा लक्ष्मण दर्नाल निर्वाचित भएका छन् । यस्तै उपाध्यक्षहरुमा मिलन विक सहित सावित्री रसाइली, मानसिंह बिक, सुशील दर्नाल, विनोद परियार, भोला पासवान, टेकेन्द्र विश्वकर्मा, प्रेमबहादुर बिक, भीमबहादुर बिक र सरिता बराइली निर्वाचित भएका छन् । महासचिवमा करण ताम्राकार निर्वाचित भएका छन् भने सचिवहरूमा राजेश कुमार पासवान,बसन्त विश्वकर्मा, चिन्ता परियार र बसन्त विश्वकर्मा चयन भएका छन् । कोषाध्यक्षमा सञ्जय सौगात निर्वाचित भएका छन् । त्यसैगरी सदस्यहरूमा हिरा परियार, कर्णबहादुर बिक, गणेश बिक, कुशल दलामी, अमिर रामदाम, मनिस बिक, अम्बिका परियार, अर्चना परियार, सुवास राम, मिना विश्वकर्मा, राजेश सुनाम, प्रकाश परियार, सञ्जु देवी परियार र पिवि दियाली निर्वाचित भएका छन् ।

## कुरुवाघर सञ्चालनपछि...

...अघिल्लो आर्थिक वर्ष ८० जना सुत्केरी गराएको गलकोट नगर अस्पतालमा यस आवमा १५० बढीले सेवा लिइसकेको अस्पतालका प्रमुख डा. राजेश पौडेलले बताए । धौलागिरि अस्पताल पछिको धेरै सेवा दिने र धेरै सेवाग्राही आउने अस्पतालमा यो सूचीकृत छ ।परियोजनाले जैमिनी नगरपालिकाको कुश्मीसेरा अस्पतालमा पनि प्रतीक्षाघर बनाएको छ । यहाँ अघिल्लो वर्ष २८ जनाले प्रसूति सेवा लिएका थिए । यसअघि निसीखोला, बडिगाड, काठेखोला, बरेङ र ताराखोलामा साझेदारीमा प्रसूति प्रतीक्षा घर बनिसकेका छन् । निसीखोलाको बोहोरागाउँ स्वास्थ्यचौकीमा वर्षमा १२० जनासम्म गर्भवती र कुरुवाले उक्त घर उपयोग गरेका छन् । जैमिनीमा बनेको प्रतीक्षा घरको केही दिनअघि मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले उद्घाटन गरे । जैमिनीलाई बालमैत्री बनाउने अभियानमा आएका मुख्यमन्त्रीले नगर अस्पतालको अनुगमन पनि गरे । उनले प्रतिक्षाघरले महिलाको स्वास्थ्यमा राम्रो प्रभाव पर्ने भन्दै बालबालिकाको सुरक्षित जन्मन पाउने अधिकार पनि सुरक्षा भएको बताए । नेपाल गाजा डेभलपमेन्ट फाउण्डेसनका अध्यक्ष यमप्रसाद कँडेलले आमा र शिशुको स्वास्थ्यमा सम्बोधन परियोजनाको लगानीलाई सबै स्थानीय तह र सरकारी निकायले ग्रहण गर्नसकेमा स्वास्थ्य क्षेत्रमा सुधार र परिवर्तन सम्भव हुने बताए । *-रासस*

खेलकुद समाचार

## कतारलाई हराउँदै नेपालको विजयी शुरुवात



**काठमाडौं,** जेठ २०/मलेसियामा बुधबारदेखि शुरु भएको एसीसी महिला प्रिमियर कप क्रिकेटमा नेपालले विजयी शुरुआत गरेको छ । नेपालले कतारलाई ८ विकेटले हरायो । कतारले दिएको ७७ रनको लक्ष्य नेपालले १० ओभर ५ बलमा २ विकेट गुमाएर भेट्टायो । नेपालका लागि बलिङतर्फ रुबिना क्षेत्रीले ३ विकेट लिइन् भने ब्याटिङतर्फ ओपनर बिन्दु रावलले सर्वाधिक ३३ रन बनाइन् । पूजा महतोले अविजित २८ रन जोडिन । कतारका शाहरीनवाब खान र खादिजा अमदले १-१ विकेट लिए । त्यसअघि टस हारेर पहिला ब्याटिङ गरेको कतारले १६ ओभर ५ बलमा अलआउट हुँदै ७६ रन बनाएको थियो । कतारका लागि ओपनर गेटरुडे चन्दिरुले सर्वाधिक २५ रन बनाइन् । नेपालले अब भोलि आफ्नो दोस्रो खेल भुटानसँग खेल्नेछ । महिला टी-२० एसिया कपको छनोट प्रतियोगितासमेत रहेको एसीसी महिला प्रिमियर कपमा कुल १८ टोली सहभागी छन् । टोलीलाई चार समूहमा विभाजन गरिएको छ । नेपाल रहेको समूह 'डी' मा कतार, भुटान र हङकङ रहेका छन् । नेपालले समूह चरणको अन्तिम खेल आउदो जेठ २३ गते हङकङसँग खेल्ने तालिका छ । यो प्रतियोगिताबाट उत्कृष्ट चार टोली आउँदो महिला एसिया कपका लागि छनोट हुनेछन् ।

**वर्गिकृत डिस्प्ले**


*१X५ साइजमा मात्र*

वर्गिकृत डस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्कः ०७५-५२०६०१

अर्थ/कर्पोरेट समाचार

## नेप्सेमा सामान्य अंकले बढ्यो



**पाल्पा,** जेष्ठ २०/ साताको तेस्रो सेयर कारोबार दिन बुधबार प्रि ओपन सेसनमा नेप्से परिसूचक सामान्य अंकले बढेर बन्द भएको छ । यो समयमा नेप्से परिसूचक २ दशमलव ६३ अंकले बढेर २ हजार ७ सय ८० दशमलव २१ विन्दुमा पुगेको हो ।

प्रि ओपन सेसनमा ५४ वटा स्क्रिप्सको ५ हजार २ सय २८ कित्ता सेयर २६ लाख ५३ हजार ९ सय ६५ रुपैयाँमा खरिदबिक्री भए । कारोबारमा आएकामध्ये २६ वटा स्टक्सको मूल्य बढ्दा २० वटाको घट्यो । ८ वटा स्टक्सको मूल्य भने यो समयमा स्थिर रह्यो । नयाँ बजेट घोषणापछि सोमबार घटेको नेप्से मंगलबार भने बढेको थियो । मंगलबार नेप्सेमा २२ अंकको सुधार देखिएको थियो । बुधबार कारोबारमा आएकामध्ये १४८ कम्पनीको मूल्य बढ्यो, ११७ कम्पनीको घट्यो र ६ वटाको स्थिर रह्यो । सो दिन कुल ६२ हजार १ सय ४८ पटकको सेयर किनबेचमा १ करोड ३५ लाख २१ हजार ६ सय १९ कित्ता सेयर खरिदबिक्री भए । ती किनबेचमा ५ अर्ब ७३ करोड ८१ लाख ७८ हजार रुपैयाँ बराबरसेयर कारोबार भएको छ । अघिल्लो कारोबार दिनको तुलनाका कारोबार रकम बढेको हो । मंगलबार ५ अर्ब २६ करोड ५२ लाख रुपैयाँ बराबर सेयर कारोबार भएको थियो । कारोबारमा आएका १२ उपसमूहमध्ये बुधबार निर्जीवन बिमामा उल्लेख्य वृद्धि देखिएको छ । अघिल्लो दिनको तुलनामा निर्जीवन बिमामा ३.३७ प्रतिशतको वृद्धि देखिएको छ ।

मनको आवाज.............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन
प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

## निक्षेप उपर हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

**सूचना प्रकाशित मिति : २०८३/०२/२१**

नर बहादुर कार्कीको छोरा, दिना कुमारी कार्कीको पति, पाल्पा जिल्ला, रिब्दीकोट गा.पा, वडा नं ७ बस्ने नाना बहादुर कार्कीको मिति २०७३/०७/०८ मा मृत्यु भएकोले निजको नाममा यस बैंकको पाल्पा शाखामा रहेको बचत खातामा रहेको मौज्दात रकम भुक्तानी पाऊँ भनी निज खातावालाको छोरा नाता पर्ने व्यक्तिले यस बैंकको पाल्पा शाखा कार्यालयमा दावी गर्नुभएको हुँदा, उक्त निक्षेप उपर उल्लेखित दावीकर्ता बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र आफ्नो हक लाग्ने व्यहोरा प्रमाणित हुने सक्कलै सवुत प्रमाण कागजसहित यस बैंकको शाखा कार्यालय पाल्पा वा रजिष्टर्ड कार्यालय, टंगाल, काठमाडौंमा हकदावी गर्न आउनु होला । म्यादभित्र कसैको हकदावी नपरेमा वा रितपुर्वक हकदावी नपरेमा सोउपर कुनै कारवाही नहुने वा तोकिएको अवधिभित्र हकदावी सम्बन्धी विवाद सिर्जना भएमा प्रचलित कानुन बमोजिम हुने व्यहोरा समेत यसै सूचना मार्फत् जानकारी गराउँदछौं ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED

**कुमारी बैंक लिमिटेड**
रजिष्टर्ड कार्यालय, टंगाल, काठमाडौं

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई